भीमेश्वर नगरपालिका

नगर कार्यपालिकाको २३औं बैठकका निर्णयहरु

मिति २०८१/०१/११

## भीमेश्वर नगरपालिका

## नगर कार्यपालिकाको २३औं बैठकका छलफलका कार्यसूची

मिति : २०८१/०१/११ गते

समय : विहान ११:०० बजे

१) नगर कार्यपालिकाको अघिल्लो बैठकको समीक्षा सम्वन्धमा ।

२) सिसिटिभी क्यामराको ठेक्का सम्वन्धमा ।

३) डिही फसिभै एकिकृत बस्ती हस्तान्तरणको लागि कन्सल्टेन्सी मार्फत नक्सा बनाउने सम्वन्धमा ।

४) अनाथालय - देउराली - तिखातल वाईपास सडकको कित्ता काट प्रक्रिया अगाडि बढाउने सम्वन्धमा ।

५) सशस्त्र प्रहरी बलको कार्यालय स्थापनाको लागि जग्गा प्राप्ति गर्न सहमति माग सम्वन्धमा ।

६) कम्पोष्ट बिनको मूल्य निर्धारण सम्वन्धमा ।

७) शव बाहनको रकम व्यहोर्ने सम्वन्धमा ।

८) नगरस्तरीय/वडास्तरीय आयोजनाको शिर्षकान्तर/रकमान्तर सम्वन्धमा ।

९) सातदोवाटो बहुउदेश्यीय भवनमा जिल्ला ट्राफिक कार्यालय स्थापनाका लागि कोठा माग सम्वन्धमा ।

१०) अनाथालय- तिखातल सडक स्तरोन्नतिका लागि जल विद्युत आयोजनाहरुलाई पत्राचार गर्ने सम्वन्धमा ।

११) सेतीदेवी प्रा.वि. समायोजन सम्वन्धमा ।

१२) नयाँ शैक्षिक सत्रमा कक्षा भर्ना सम्वन्धमा ।

१३) विविध सम्वन्धमा :

क) रित बहादुर स्मृति भलिबल प्रतियोगिता संचालनका लागि आर्थिक सहयोग माग सम्वन्धमा ।

ख) सिन्धुपाल्चोक दुर्घटनामा परी मृत्यु भएकाका परिवारलाई आर्थिक सहयोग सम्वन्धमा ।

ग) विश्व साईकल यात्री अभिनय कार्कीलाई आर्थिक सहयोग सम्वन्धमा ।

घ) कारागार कार्यालय, दोलखाका कैदी/बन्दीहरुको लागि सामग्री माग सम्वन्धमा

ङ) सुष्पाक्षमावती स्वास्थ्य चौकीमा रिक्त कार्यालय सहयोगी पदको करारमा पदपूर्ति गर्ने सम्वन्धमा

च) पूर्ण अपांगता भएको व्यक्तिको सहयोगी सम्वन्धी सिफारिस सम्वन्धमा ।

विशकसेन ढकाल

प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका

नगर कार्यपालिकाको २३औं बैठकका निर्णयहरु

मिति २०८१/०१/११

**निर्णय नं. १ :** यस नगरपालिकाको मिति २०८० चैत्र २२ गते बसेको २२औं नगर कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको अवस्थाको समीक्षा गरियो ।

**निर्णय नं. २ :** भीमेश्वर नगरपालिका वडा नं. ३ र ६ स्थित चरिकोट बजार क्षेत्रको सुरक्षा, अनुगमन तथा सूचना अद्यावधिक गर्ने प्रयोजनका लागि भीमेश्वर नगरको मुख्य शहर क्षेत्रहरु, वडा कार्यालयहरु र पर्यटकीय क्षेत्रहरुमा सिसिटिभी क्यामरा जडान कार्य गर्ने नीति अनुरुप पहिलो चरणमा पाटीखोला - बसपार्क क्षेत्र, चरिघ्यांग- बिचबजार- जिल्ला प्रहरी कार्यालय, पाटीखोला - मानेडाँडा - सिमपानी, सातदोबाटो - मानेडाँडा - बिपि प्रतिष्ठान, शंखधरचोक - पुरानोबजार लगायत मुख्य क्षेत्रमा सिसिटिभी क्यामरा जडान कार्य अगाडि बढाउने, सो को लागि आ.व. २०८०/०८१ मा विनियोजित बजेट नपुग देखिएकोले आ.व. २०८१/०८२ मा थप बजेट व्यवस्था गर्नेगरी बहुबर्षीय कार्यक्रम स्वीकृत गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ३ :** २०७२ सालको भूकम्पबाट भीमेश्वर नगरपालिकाका ग्रामीण बस्ती पूर्ण रुपमा क्षति भएको र पुनर्निर्माणको सम्वन्धमा नेपाल सरकारको नीति अनुरुप मितव्ययी पूर्वाधार सहितको एकिकृत बस्ती निर्माण गर्ने कार्यक्रम बमोजिम वडा नं. ४ स्थित डिही र फस्मीमा नमूना एकिकृत बस्ती निर्माण गर्न तयार भएको गुरुयोजना अनुसार निजी आवास पुनर्निर्माण कार्य भएकोमा गुरुयोजना अनुसार निर्माण भएका घरहरुको प्लटले ओगटेको जग्गाको कित्ता काट तथा मिलान गरी जग्गाधनीले जग्गाधनी पुर्जा लिने कार्य बाँकी रहेकोले फिल्ड बमोजिम नापी नक्सामा रेखांकनको कार्य गर्न र नापी कार्यालय, दोलखाबाट नक्सा प्रमाणीकरण तथा स्वीकृत समेत गराउनका लागि सम्वन्धित विषयको परामर्श सेवा लिन रु ३,००,०००/- (तीन लाख) बिनियोजन गर्ने निर्णय गरियो । जग्गाधनी पुर्जा तयार गर्न लाग्ने रजिस्ट्रेशन शुल्क छुट गरिदिन नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :** भीमेश्वर नगरपालिका क्षेत्रभित्र निर्माण भएका अधिकांश सडकहरुले ओगटेको जग्गा व्यक्तिको स्वामित्वमा रहेको, सडकमा परेको जग्गाको भूमि कर जग्गा धनीहरुले नै तिरिरहेकोले सार्वजनिक सम्पत्ति व्यवस्थापन गर्न सडकहरुले ओगटेको जग्गाको स्वामित्व सडककै नाममा कायम गर्ने नीति अनुसार यस अघि नै सो कार्यको सुरुवात भईसकेको अनाथालय- देउराली- तिखातल बाईपास सडकको सडकले ओगटेको जग्गाको कित्ता काटको फिल्ड कार्य सम्पन्न भई नापी कार्यालय, दोलखाबाट फिल्ड प्रतिवेदन प्रमाणित गरी लगत कट्टा गर्ने प्रयोजनका लागि पेश भएकाले बाँकी प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ५ :** सशस्त्र प्रहरी बलको कार्यालय स्थापनाको लागि भीमेश्वर नगरपालिका वडा नं. ६ झुले खोला क्षेत्रको जग्गा प्रासि गर्न सहमति माग भई आएकोले सो को लागि जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, जिल्लास्थित राजनैतिक दल लगायत सर्वपक्षीय बैठक आयोजना गर्ने निर्णय गरियो ।

विशकसेन ढकाल

प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका

नगर कार्यपालिकाको २३औं बैठकका निर्णयहरु

मिति २०८१/०१/११

**निर्णय नं. ६ :** भीमेश्वर नगरपालिकाको फोहरमैला व्यवस्थापनका लागि कार्यालयमा रहेको कम्पोष्ट बिन प्रति सदस्य एक थान बिन रु ५००/- लागत सहभागितामा उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७ :** आकस्मिक दुर्घटनामा परी मृत्यु भई अस्पतालमा पोस्टमार्टम गरेका र उपचारको क्रममा अस्पतालमा मृत्यु भएका भीमेश्वर नगरपालिकाका विपन्न नागरिकहरुको शव व्यवस्थापन राहतका लागि चरिकोटदेखि घाटसम्म लैजाने शव बाहन खर्च सम्वन्धित वडाको सिफारिसमा तपसिल बमोजिम उपलव्ध गराउने निर्णय गरियो ।

क) नागदह, तामाकोशी, सुन्द्रावती खोला, वडा नं. ९ को घाटका लागि — रु ५,०००/-

ख) अन्य घाटका लागि — रु ३,०००/-

**निर्णय नं. ८ :** चालु आ.व. २०८०/०८१ को स्वीकृत तपसिल बमोजिमका कार्यक्रम/ आयोजनाहरु विविध कारण कार्यान्वयन हुन नसकी तपसिल बमोजिम रकमान्तर/शिर्षकान्तर गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

नगरस्तरीय

| क्र.स. | ब.शि.नं. | साविक आयोजनाको नाम | रकम रु | संशोधित आयोजनाको नाम | रकम रु |
|---|---|---|---|---|---|
| १ | ११४ | विद्यालयस्तर एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली कार्यशाला | २,००,०००/- | कक्षा ८ को पूरक परीक्षा सन्चालन | ५०,०००/- |

वडास्तरीय, वडा नं. २

| क्र.स. | ब.शि.नं. | साविक आयोजनाको नाम | रकम रु | संशोधित आयोजनाको नाम | रकम रु |
|---|---|---|---|---|---|
| १ | २६९ | वडास्तरीय पूर्वाधार कार्यक्रम कार्यालय व्यवस्थापन समेत | ७,००,०००/- | वडा कार्यालय व्यवस्थापन | १,८०,०००/- |
| | | | | जात्रा पर्व बत्ती व्यवस्थापन | १,७५,०००/- |
| | | | | नेपाल रेडक्रस सोसाईटी उपशाखा भौतिक निर्माण | १,००,०००/- |
| २ | २७२ | दोलखा बजार सडक बत्ती -लागत सहभागिता | २,००,०००/- | दोलखा बजार सडक बत्तिको आधार निर्माण | २,००,०००/- |

वडा नं. ३

| क्र.स. | ब.शि.नं. | साविक आयोजनाको नाम | रकम रु | संशोधित आयोजनाको नाम | रकम रु |
|---|---|---|---|---|---|
| १ | ३१८ | चरिघ्यांग गुम्बा डीपीआर निर्माण | २,००,०००/- | चरिघ्यांग गुम्बामा मूर्ति राख्ने छ्योसेम (र्याक) निर्माण | २,००,०००/- |

वडा नं. ८

| क्र.स. | ब.शि.नं. | साविक आयोजनाको नाम | रकम रु | संशोधित आयोजनाको नाम | रकम रु |
|---|---|---|---|---|---|
| १ | ४५१ | विद्यार्थी सिकाई उपलव्धी कार्यक्रम लामीडाँडा आ.वि./पृथ्वीनारायण निमावि | ६,००,०००/- | लामीडाँडा प्रा.वि.खेलमैदान निर्माण | ३,००,०००/- |

विशकसेन ढकाल

प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका

नगर कार्यपालिकाको २३औं बैठकका निर्णयहरु

मिति २०८१/०१/११

**निर्णय नं. ९** : भीमेश्वर नगरपालिका वडा न. ३ र ६ स्थित चरिकोट बजार पर्यटकीय क्षेत्र भएको तथा सातदोवाटो व्यस्त ट्राफिक हुने चोक रहेकोले सवारी तथा सुरक्षा अनुगमनका लागि भीमेश्वर नगरपालिकाबाट सातदोबाटोमा निर्माण भएको भवनमा कोठा उपलब्ध गराईदिन जिल्ला प्रहरी कार्यालय, दोलखाबाट अनुरोध भै आएको तथा फोहरमैला तथा बजार व्यवस्थापन नियमित अनुगमन समेतका लागि भीमेश्वर नगरपालिकाबाट निर्माण भएको सातदोवाटो बहुउदेश्यीय भवनको माथिल्लो सडक सतहदेखि पहिलो तलाको पश्चिम तर्फको १ (एक) कोठा जिल्ला ट्राफिक प्रहरी र नगर प्रहरीले बजार संयुक्त अनुगमन कक्षको रुपमा प्रयोग गर्ने गरी उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १०** : दोलखा जिल्लाको उत्तरी क्षेत्रमा निर्माण भएको माथिल्लो तामाकोशी आयोजना लगायत निर्माणाधीन जल विद्युत आयोजनाहरुमा प्रयोग हुने हेभी उपकरणमार्फत ढुवानी कार्य भईरहेको अनाथालय-तिखातल सडक बिग्रिन गएको, वातावरण समेत प्रदुषण गरेकोले सो सडक स्तरोन्नति कार्य गरिदिन सम्वन्धित जल विद्युत आयोजनाहरुलाई पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११** : सेतीदेवी प्राथमिक विद्यालय, भीनापा ४, बगैचा, जिलुमा विद्यार्थी संख्या ज्यादै न्यून भएको हुँदा सो विद्यालयलाई नजिकको विद्यालय सर्व माध्यमिक विद्यालय, भीनपा ४ जिलुमा समायोजन गरी पठाउने भनी नगर शिक्षा समिति, भीनपाको मिति २०८०/१०/२८ को निर्णयलाई स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. १२** : भीमेश्वर नगरपालिकाभित्रका सामूदायिक विद्यालयहरुमा विद्यार्थी संख्या घट्दै गएको र शैक्षिक गुणस्तर अभिबृद्दी गर्नका लागि यस नगरपालिका भित्रका सबै सामुदायिक विद्यालयहरु स्थलगत अनुगमन गरी प्रतिवेदन पेश गर्न गठित कार्यदलको सिफारिस अनुसार तपसिलका विद्यालयहरुमा शैक्षिक सत्र २०८१ देखि लागू हुने गरी देहायका कक्षासम्म भर्ना गर्नका लागि सम्वन्धित विद्यालयहरुलाई निर्देशन दिने भनी नगर शिक्षा समिति, भीनपाको मिति २०८०/१२/२५ को निर्णयलाई स्वीकृत गर्ने निर्णय गरियो।

| क्र.सं. | विद्यालयको नाम र ठेगाना | हाल सञ्चालित कक्षा | शै.स. २०८१ बाट कायम हुने कक्षा | कैफियत |
|---|---|---|---|---|
| १. | बालमन्दिर प्राथमिक विद्यालय भीनपा-२ | कक्षा ३ सम्म | कक्षा २ सम्म | |
| २. | बिसुन्टोल आधारभूत विद्यालय भीनपा-५ | कक्षा ५ सम्म | कक्षा ३ सम्म | |
| ३. | महाङ्काल प्रथामिक विद्यालय भीनपा-६ | कक्षा ५ सम्म | कक्षा ३ सम्म | |
| ४. | साखिने आधारभूत विद्यालय भीनपा-७ | कक्षा ७ सम्म | कक्षा ५ सम्म | |
| ५. | हरिकिर्तन आधारभूत विद्यालय भीनपा-७ | कक्षा ७ सम्म | कक्षा ६ सम्म | |
| ६. | विरेन्द्र आधारभूत विद्यालय भीनपा-७ | कक्षा ७ सम्म | कक्षा ७ सम्म | कक्षा ८ को अनुमति माग गरिएको यो शै.स. मा प्रदान नगर्ने |

विशकसेन ढकाल

प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३



| | | | | |
|---|---|---|---|---|
| ७. | कुप्री आधारभूत विद्यालय भीनपा-७ | कक्षा ८ सम्म | कक्षा ७ सम्म | |
| ८. | पृथ्वीनारायण आधारभूत विद्यालय भीनपा-८ | कक्षा ८ सम्म | कक्षा ५ सम्म | |
| ९. | लाकुरीडाँडा प्राथमिक विद्यालय भीनपा-९ | कक्षा ३ सम्म | कक्षा २ सम्म | |

**निर्णय नं. १३ विविध :-**

क) शहिद रित बहादुर स्मृति भलिबल प्रतियोगिता सन्चालनका लागि ब.शि.नं. १६९ को सामाजिक तथा आर्थिक विकास सहायता कार्यक्रमबाट रु ५०,०००/- (पचास हजार) उपलव्ध गराउने निर्णय गरियो ।

ख) भीमेश्वर नगरपालिका वडा नं. १ का वडाबासी चढेको बस मिति २०८१/०१/०७ गते सिन्धुपाल्चोकमा दुर्घटना भई मृत्यु भएका मान बहादुर थामी, दिपेन्द्र थामी र शिव श्रेष्ठ प्रति हार्दिक श्रद्दान्जली व्यक्त गर्दै शोक सन्तप्त परिवार प्रति समवेदना व्यक्त गर्ने, घाईतेहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो । मृतकका परिवारलाई ब.शि.नं. १६९ को सामाजिक तथा आर्थिक विकास सहायता कार्यक्रमबाट प्रति परिवार रु १५,०००/- (पन्ध्र हजार) उपलव्ध गराउने निर्णय गरियो ।

ग) विश्व साईकल यात्रा मार्फत नेपाल र दोलखा चिनाउने साईकल यात्री श्री अभिनय कार्कीलाई ब.शि.नं. १२९ को लक्षित वर्ग क्षमता विकास एवम् आयआर्जन कार्यक्रमबाट रु २५,०००/- (पच्चीस हजार) उपलव्ध गराउने निर्णय गरियो ।

घ) कारागार कार्यालय, चरिकोट दोलखाबाट कैदी/बन्दीहरुको लागि भान्सामा प्रयोग हुने सामाग्री तथा मनोरन्जनका सामाग्रीहरु माग भई आएकोले रु १,००,०००/- (एक लाख) बराबरको सामाग्रीहरु खरिद गरी उपलव्ध गराएको हुँदा सो को अनुमोदन गर्ने निर्णय गरियो ।

ङ) यस नगरपालिका वडा नं. १ स्थित सुष्पाक्षमावती स्वास्थ्य चौकीमा रिक्त हुन आएको कार्यालय सहयोगी पद-१ पदपूर्तिको प्रक्रियामा जान कार्यालयलाई निर्देशन दिने निर्णय गरियो

च) अपांगता भएका व्यक्तिहरुको अधिकार सम्वन्धी नियमावली, २०७७ को नियम ९ को उपनियम (क) बमोजिमको व्यक्तिगत सहयोगी सेवा सुविधा नेपाल सरकार, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, सिंहदरवार, काठमान्डौबाट उपलव्ध हुने भएकोले यस नगर क्षेत्रभित्र रहेका सुविधा पाउन योग्य अपांगता भएको व्यक्तिहरुबाट सिफारिस माग भई आएमा सिफारिस उपलव्ध गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

विशकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत